# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

**ट्रेडटावर थापाथली, काठमाडौं**

**पदपूर्ति सम्वन्धी सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०७६/०९/०६**

यस कम्पनीलाई सीमित अवधिको लागि आवश्यक भएका इन्जिनियरहरु अल्पकालीन इन्जिनियरको रुपमा बढीमा ६ (छ) महिनाको लागि पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यसै सूचनासाथ उपलव्ध Job Application Form मार्फत् मात्र दरखास्त पेश गर्नुहुन आव्हान गरिन्छ । रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । यसपूर्व कम्पनीबाट प्रकाशित विज्ञापन बमोजिम नियुक्त भएका अल्पकालीन (६ महिना अवधिका) इन्जिनियरहरुले यस सूचना बमोजिमको पदहरुमा दरखास्त दिन पाउने छैनन् ।

| क्र. | पद | तह | पदसंख्या | न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १. | सिभिल इन्जिनियर | ७ | ६ (छ) | सम्वन्धित इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण |
| २. | इलेक्ट्रिकल इन्जिनियर | ७ | ६ (छ) | सम्वन्धित इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण |
| ३. | मेकानिकल इन्जिनियर | ७ | ४ (चार) | सम्वन्धित इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण |
| ४. | जियोमेटिक तथा सर्भे इन्जिनियर | ७ | ४ (चार) | सम्वन्धित इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण |

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति), व्यक्तिगत विवरण (Resume), शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यानुभव प्रमाणपत्र, सम्बन्धित विषयको तालीमको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र, विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको सक्कल प्रमाणपत्रहरुको Scan Copy ।

**दरखास्त दिने प्रकृया:** यसै सूचनासाथ उपलव्ध Job Application Form मार्फत् मात्र दरखास्त पेश गर्न सकिनेछ ।

**परीक्षाको किसिमः** संक्षिप्त सूची (Short List) तथा अन्तर्वार्ता (संक्षिप्त सूचीमा पर्न सफल उम्मेदवारलाई मात्र वेवसाइटमा सूचना प्रकाशन गरी अन्तर्वार्तामा बोलाइनेछ) ।

**परीक्षाको मिति तथा स्थान:** कम्पनीको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।

**करार अवधिः** बढीमा ६ (छ) महिना ।

**तलव भत्ता:** कम्पनीको हाल कायम तह ७ (सात) वरावरको शुरु तलवस्केल र स्थानीय भत्ता ।

**नोटः** कुनै उम्मेदवारले छनौट प्रकृयाका सम्वन्धमा मौखिक वा लिखित रुपमा आफैं वा अन्य व्यक्तिद्वारा प्रभावित गरेमा वा गर्न लगाएमा त्यस्तो उम्मेदवारलाई स्वत: अयोग्य घोषणा गर्न सकिनेछ । एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संस्थापक संस्थाहरु कुनै अर्को कम्पनीको संस्थापक सदस्य रहेको त्यस्तो कम्पनीमा कार्यरत उम्मेदवारहरुले अन्तर्वार्ता परीक्षामा उपस्थित हुँदा कार्यरत कम्पनीबाट जारी गरिएको कम्पनी छोडी अन्यत्र गएमा आपत्ति नरहेको पत्र (No Objection Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । आवेदन Online मार्फत् मात्र लिइने व्यवस्था गरिएको हुँदा अन्तिम दिन सार्वजनिक बिदा परेमा सोही कारणले समयावधि थप गरिनेछैन ।

**कर्मचारी छनौट कमिटी**
**एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड**